# महिला तथा बालबालिका उत्थान समाज
## जनकपुरधाम, धनुषा
को विधान

२०६६

<u>प्रस्तावना</u>

हाम्रो मुलुक को चौतर्फी विकास को लागी म.त.बा.बा. हरुलाई संगठित गरी अन्तर निहित वैज्ञानिक गमभिरता र तमाम नेपालीहरुमा विकास को निम्ती नवजागरण पैदा गरी स्थानीय श्रोत साधनको परिचालन गरी स्थानीय नागरिक समाजलाइं समाजिक, आर्थिक शैक्षिक, भौतिक विकासको साथै शान्ति सुसासन मानव अधिकार तथा सामाजिक न्याय को लागी म.त.बा.वा. उत्थान समाज नामक एक गैर सरकारी संस्था को स्थापना गरिएको छ ।

<u>परिच्छेद -१, प्रारम्भ</u>

१. **संस्थाको नाम** : यस संस्थाको नाम म.त.बा.बा. उत्थान समाज अंग्रेजीमा यसलाई Women and Children Social Development -7 (W.C.&.D) यसको विधान २०६६ को हुनेछ । यो दर्ता भएको मिति देखी लागु हुनेछ ।

क) **संस्थाको कार्यालय रहने ठेगाना** :- हाल यस संस्थाको केन्द्रिय कार्यालय जिल्ला धनुषाको ज.न.पा. वडा नं. ७ मा रहने छ र पछि संस्थाको आवश्यक्ता अनुसार विभिन्न जिल्लाहरुमा शाखा उपशाखा राख्न सकिने छ ।

ख) **संस्थाको कार्यक्षेत्र** :- हाल यस संस्थाले धनुषा जिल्ला भरी कार्य गर्ने छन् र पछि संस्था विस्तार भएमा विभिन्न जिल्लाहरुमा कार्य गर्न सकिने छ तर सो जानकारी स्थानिय अधिकारीलाई गराउने पर्ने छ ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ।

क) "संस्था" भन्नाले म.त.बा.बा. उत्थान समाज नामक संस्था बुझाउने छ ।

ख) "सदस्य" भन्नाले यस संस्थाका सम्पूर्ण सदस्यहरु बुझाउने छ ।

ग) "पदाधिकारी" भन्नाले यस संस्थाको कार्य समितिलाइं बुझाउने छ ।

घ) "नियम" भन्नाले यस संस्था को विधान बुझाउँछ ।

ङ) "सभा" भन्नाले यस सस्थाको सधारण सभा बुझिन्छ ।

३. संस्थाको छाप र चिन्ह :-

यस संस्थाको छुट्टै छाप रहनेछ । जुन छापमा गोलाकार रेखा चित्र भित्र संस्थाको नाम, ठेगाना, स्थापना साल र एउटा महिलाले वालंकलाइं हात समातेको चित्र अंकित रहनेछ ।

## परिच्छेद - २

## उद्देश्य

४. संस्थाको उद्देश्य :-

नेपालको संविधान र नेपाल सरकारको प्रचलित ऐन नियम कानूनको परिधी भित्र रहि यस संस्थाको उद्देश्य देहाय बमोजिमको हुनेछ ।

क) यो संस्था मुनाफा रहित सेबामुलक संस्था हुने छ ।

ख) लक्षित समुह र समुदायमा शैक्षिक, सामाजिक, सांस्कृतिक स्तर बढाउन अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्ने ।

ग) लक्षित समुह र समुदाय बीच अव्यवस्थित नागरिक समाज र संगठनको संस्थागत विकास गर्ने ।

घ) विविध कार्यक्रमको निर्मित स्वत स्फूर्त प्रतिवद्ध स्वयम् सेवकहरुलाइं परिचालन गर्ने साथै स्वयम् सेवकहरुका लागि सहजिकरण, प्रवर्द्धन र सम्मान गर्ने ।

ङ) स्वयम सेवक परिचालन, मानव अधिकार, स्वच्छ वातावरण सम्बन्ध विस्तार र दिगो सामुदायिक विकास सम्बन्धी कार्य गर्ने ।

च) लक्षित र समुदायको निम्ति जनसंख्या र स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम संचालन गर्ने ।

छ) वेरोजगार, असहाय, अपाङ्ग महिलाहरुलाइं विभिन्न किसिमका सीप्मुलक तालिम दिई आत्मनिर्भर तथा स्वावलम्वी वनाउने ।

ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजारमा यस संस्थाद्वारा उत्पादित हस्तकलाका सामान बारे जानकारी दिनका लागि विभिन्न गोष्ठी, सेमिनार तथा पदर्शनीको आयोजना गर्ने ।

झ) साहित्य, कला, संगीत र बौद्धिक क्षेत्रमा अभिरुची राख्ने व्यक्तिहरुलाई प्रोत्साहित गर्ने तथा सम्बन्धित कार्यमा टेवा पु-याउने कृयाकलापहरु गर्ने ।

ञ) दलित, पीडित तथा कमजोर आर्थिक मनस्थितिमा रहेका आम नपाली महिलाहरु तथा वा.वा.हरुलाइ जागरणको माध्यमबाट स्वावलम्वी बनाउने ।

ट) घर परिवारबाट उपेक्षित एक्लै बस्न बाध्य वृद्धहरुका लागि वृद्धाआश्रमको स्थापना गर्ने ।

ठ) महिला, बालबालिका र कृषि मजदुर, उपेक्षित, उत्पीडित, दलित जातिहरुका चेतनास्तर बढाउन मानवअधिकार शिक्षा एवम् सचेतनमुलक कार्यक्रम संचालन गर्ने र उनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनु क्षमता विकास र सशक्तिकरणको पक्षमा क्रियाशील रहने ।

ड) महिला, उत्पीडित् जाती एवम् किनारामा पारिएका वर्ग र समुदायको हक, हित र अधिकारको प्राप्तिको लागी उनीहरुको जनवकालती क्षमताको विकास गर्ने र प्राप्त अधिकारहरुको व्यवाहिरक कार्यान्यवनमा टेवा पु-याउने ।

ढ) मानवअधिकार र सामाजिक न्यायको स्थापनाको लागी निरन्तर क्रियाशील रहदै सुशासन, पारदर्शितार स्थायीशान्ति र विकासोन्मूख कार्यक्रमहरु सञ्चालन गर्ने र प्रजातन्त्रको सुदृढिकरण सहयोग पु-याउने ।

ण) मानवअधिकारको हनन् र दण्डहीनता, महिलाविरुद्धका हिंसा, दाइजो प्रथालगायत सामाजिक कुरीतिको विरुद्धमा अभियानहरु सञ्चालन गर्ने एवं शिक्षा, तालिम र सचेतनाको माध्यमबाट सकारात्मक परिवर्तनमा योगदान पु-याउने ।

त) मानवअधिकार हननका घटनाहरुको सूचना संकलन, सम्प्रेषण र प्रकाशन गर्ने ।

थ) यातनापीडितहरुको उपचार एवम् कानुनि सहयोगको लागि कार्य गर्ने ।

द) बालअधिकारको सुनिश्चितताको लागि सचेतनमूलक कार्यक्रम सञ्चालन गर्ने एवम बालश्रम न्यूनिकरणको लागि क्रियाशील रहदै निकृष्ट बालश्रम उन्मूलनको लागि पहल गर्ने ।

ध) टुहुरा, अन्धा, अपाङ्ग, बहिरा, सडक, परित्यक्त, यौनदुर्व्यहारको शिकार एवम् जोखिमपूर्ण कार्यमा संलगन बालबालिकाको संरक्षण र पुर्नस्थापनाको लागि कार्य गर्ने ।

न) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको क्षेत्रमा अनुसन्धान गर्ने ।

प) द्वन्द व्यवस्थापनमा क्रियाशील रहदै त्यसको रुपान्तरको लागी आवश्यक पहल गर्ने ।

फ) समुदायको न्यायोचित विकासका लागि समुदायके पहलमा आत्मनिर्भरमुखि अभियानलाई प्रोत्साहीत गर्ने ।

ब) जल उत्पन्न प्रकोपहरुबाट प्रभावित समुदायका लागी उद्धार कार्यक्रमहरु सञ्चालन गर्ने लगायत प्रकोपबाट हुने क्षति न्युनिकरणको लागि अल्पकालिन र दीर्घकालिन कार्यक्रमहरु सञ्चालन सकृय रहने ।

भ) वातावरण प्रदुशण, लागु पर्दाथ, एड्स वन संरक्षण जस्ता विषयमा जनचेतना जगाइ रोकथाम र नियन्त्रणका कार्य गर्ने एवं शिक्षा, खानेपानी र स्वास्थ सरसफाई जस्ता आधारभूत कुराका लागी समुदायमुखि कार्यक्रमहरु सञ्चालन गर्ने ।

म) शान्ति र सुशासनकालागि जनसमुदायलाई उत्प्रेरित गर्न सकृय रहने ।

य) अनाथ असहाय बाल बालिकाहरुलाई संरक्षण र विकासका लागी अनाथालय बाल सुधार गृहको स्थापना गरी संचालन गर्ने ।

र) ग्रामीण विकासको लागी बाटो निमार्ण, समुदायिक भवन, कुलकुलेशा, कलभट, विद्यालय, स्वास्थ्य चौकी मरम्मत गर्नुको साथै नया निर्माणको लागी पहल गर्ने ।

ल) समुदायमा रहेका पौराणिक मन्दिर, पोखरी, ताललाई संरक्षण तथा संवर्द्धणको लागी आवश्यक पहल गर्ने ।

व) खेलकुद विकासको लागी खेलकुद मैदान र सामग्रीको प्रवन्ध गर्नुको साथै विभिन्न दिवस, समारोहमा गाउँ स्तरिय र जिल्ला स्तरिय प्रतियोगीता आयोजन गर्नुको साथै खेलाडीहरुलाई प्रोत्साहित गर्ने ।

श) गामिण क्षेत्रमा बसोवास गर्ने समुदायहरुको लागी स्वास्थ्य सेवा, स्थास्थ्य शिवीर, रक्त कोष र इमेरजेन्सी सेवाको लागी एम्बुलेन्सको लागी आवश्यक पहल गर्ने ।

ष) भयमुक्त वातावरण मानवअधिकारको अविच्छिन्न उपयोग गर्ने परिस्थिति र सामाजिक न्याय प्राप्तिको सुनिशिच्तताका निम्ति जनमत निर्माण, जनचेतनाको अभिवृद्धि तथा सम्वर्द्धनात्मक क्रियाकलापका लागि सचेतन, उत्प्रेरण वा वकालत गर्ने ,

स) सवै खालका श्रोत साधनको विकास तथा वितरण प्रक्रियामा मानवअधिकारको सम्मानपूर्वक पालना कायम गर्ने हेतुले सामाजिक न्यायको संस्थागत विकासका निम्ति पहल गर्ने ,

ह) मानवअधिकारको संरक्षण, सम्बर्द्धन र विकास तथा सामाजिक न्यायको स्वच्छ समतामुलक र पारदर्शी सम्पादन एवम उपभोग हुने वातावरणको प्रवर्द्धन र विकासका निमित सक्रिय हुने ,

क्ष) प्राथमिक स्तरका वा.वा. हरुको लागी वालविकास केन्द्रको स्थापना गर्ने ।

ञ) मानवअधिकार र सामाजिक न्यायको मर्मलाई जनस्तरमा प्रत्यक्ष अनुभूति गराउने, पिछड़िएका क्षेत्र तथा वर्गका वा.वा.हरुलाई शिक्षा सेवामा सहयोग गर्ने । व्यवहारमा रुपान्तरण गर्ने कुरामा निरन्तरता दिन सामुदायिक तथा स्थानीय मानवसंसाधनको परिचालनलाई प्राथमिकता दिँदै आडभरोसा जुटाउने ।

ज्ञ) लक्षित उद्देश्यसँग मिलेर काम गर्न सक्ने राष्ट्रिय सरकारी , गैर सरकारी परियोजना र तथा अन्तराष्ट्रिय सरकारी गैर सरकारी परियोजना निजी क्षेत्र सँग साझेदारीमा सहभागिमूलक अवधारणा बमोजिम कार्यक्रम संचालन गर्ने ।

पिछिड़िएका क्षेत्रहरुमा महिलाहरुको पाठेघर तथा प्रजनन अंग सम्वन्धित समस्यालाई यस संस्थाले अनिवार्य रुपमा पहल गर्ने छ ।

ड) वातावरण तथा पर्यावरण नियन्त्रण गर्ने ।

५. **संस्थाका उद्देश्य प्राप्त गर्न गरिने कामहरु :-**

यस संस्थाले उपयुक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उद्देश्य कार्यन्वयन गर्ने छ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्पयूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरीद गर्ने छ वा भाडामा लिई प्रयोग गर्ने छ ।

ग) संस्थालाइं आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने छ ,

घ) संस्थामा प्राप्त रकम वैंकमा जम्मा वैंक खाता सञ्चालन गर्ने छ ।

## परिच्छेद -३

## सदस्यता

६. **सदस्यताको वर्गीकरण :-**

क) साधारण सदस्य

ख) मानार्थ सदस्य

ग) आजीवन सदस्य

७. **सदस्य प्राप्तिको लागि आवश्यक योग्यता :-**

क) नेपाली नागरिक भएको ।

ख) मानसिक सन्तुलन ठीक भएको ।

ग) संस्थाको विधान बिपरित कार्यमा संलग्न भएको ।

घ) स्वच्छ समाज सेवी भएको ।

ङ) १६ वर्ष उमेर पुरा भएको ।

८. **संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था :-**

क) देहायको कुनै व्यक्ति संस्थाको सदस्य नियुक्ति हुन सक्ने छैन ।

ख) गैर नेपाली नागरिक १६ वर्ष उमेर पूरा नगरेको ।

ग) मगज बिग्रेको वा बौलाएको ।

घ) कुनै प्रकारको चोरी, ठगी,, कीर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक वर्षभित्र,

ङ) सम्वन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

च) सदस्यता शूल्क बुझाउन बाँकि भएको ।

९. **देहायका अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।**

क) उपदफा (८) वमोजिम सदस्य नियुक्ति हुन नसक्ने भएमा,

ख) साधारण सभावाट ७५ प्रतिशत को वहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पासगरेमा,

ग) कुनै पनि पदाअधिकारीले यस संस्थाको विरुद्धमा कुनै कार्य गराएमा अध्यक्षले हटाउने सक्नेछ ।

घ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अधि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सवुत पेश गर्ने मौका दिनुपर्नेछ ।

१० **सदस्यता शूल्क र सदस्यता प्रदान गर्ने विधि :-**

संस्थाको सदस्य हुनको लागी दफा ६ बमोजिम योग्यता पुगेको व्यक्तिले देहाय बमोजिम सदस्यता शुल्क बुझाउनु पर्ने छ । सदस्यता प्रदान गर्ने कार्यविधि कार्यसमितिले तोके बमोजिम हुनेछ । आजीवन सदस्य बाहेक अन्य सदस्यहरुले प्रत्येक आर्थिक वर्ष व्यतीत भएको ३५ दिनभित्र वार्षिक सदस्यता शूल्क रु १०५ ।- तिरी आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ । आजीवन सदस्यले नवीकरण गराउनु पर्ने छैन ।

क) साधारण सदस्य :- १०५ ।- वार्षिक

ख) मानार्थ सदस्य :- २२५ ।- वार्षिक

ग) आजीवन सदस्य :- २५० ।- एकमुष्ठ

## परिच्छेद - ४

## साधारण सभा तथा बैठक सम्वन्धी व्यवस्था

११. संस्थाको सभा बोलाउने ,तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्वन्धी कुराहरु :-

१) यस संस्थाको सधारण सभा देहाय बमोजिम हुनेछ :-

क) बार्षिक साधारण सभा र

ख) विशेष साधारण सभा

२) यस संस्थाले प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आ.व. समाप्त भएको मितिले दुई महिनाभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिनेछ ।

३) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै हुने ठाउँ, मिति र छलफल गर्ने विषय खेली सवै , साधारण सदस्यलाई सचना दिइनेछ ।

४) उपनियम (३) बमोजिम बोलाइएको साधारण सभामा नियम ८, बमोजिमको गणपुरक संख्या नपुगी हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा वोलाइनेछ ।

१२. कार्य समितिः-

क) कार्य समितिको गठन साधारण सभाबाट हुनेछ ।

ख) प्रत्येक ३ वर्षमा सधारण सदस्यहरुबाट वढीमा ११ जना र कम्तिमा ७ जना सम्म को कार्यसमिति को निर्वाचन गर्ने छन्, पदाधिकारी निम्न वमोजिम को हुने छन् ।

१) अध्यक्ष - १

२) उपाध्यक्ष - १

३) सचिव - १

४) सह सचिव - १

५) कोषध्यक्ष - १

६) सदस्य ४ जनासमेत - (नौ) जना ।

ग) कार्य समितिको कार्य अवधि ३ वर्ष हुनेछ ।

घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेका कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकि अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ । जुन सदस्यको पद बीचमा रिक्त भइ नियुक्ति भएको हो सो सदस्य बाँकि कार्यकालसम्मका लागि मात्र हुनेछ ।

ङ) कार्य समितिको बैठक आवश्यकतानुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनुपर्नेछ ।

च) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

छ) सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपसिथितिमा बैठकले छानेको सदस्यले कार्य समितिको बैठकको अध्यक्षता गर्ने छ ।

झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयका विवरण (माइन्यूट) छुट्टै किताबमा लेखी राख्नुपर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तीमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

ट) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखीएको भएतापनि कार्य समितिले पाउने कुनै कामको सम्वन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा सलगण गरी त्यस्तो काम बैठकको सरह मानिनेछ ।

ठ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

## परिच्छेद - ५

१३. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-

क) ***अध्यक्ष :-***

क) कार्य समिति बैठक र साधारण सभाको अध्यक्षता गर्नु ।

ख) निर्णयहरु कार्यान्वयन गर्नु, गराउनु ।

ग) विधान बमोजिम आवश्यक निर्णय वा निर्देशन दिन ।

घ) साधारण सभा तथा कार्य समितिको बैठक सचिवलाई निर्देशन दिनु ।

ख) उपाध्यक्ष :- क) अध्यक्षको अनुपस्थितिमा विधानले तोकेबमोजिम अध्यक्षको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

ख) संस्थाको हित सँग सम्वन्धित कार्यहरुमा अध्यक्ष लाई सहयोग पु-याउने ।

ग) सचिव :- क) अध्यक्षको निर्देशनमा रही संस्थाको प्रशासकीय कार्यहरु संचालन गर्ने ।

ख) संस्थाको रेकर्ड, फायल, कागज पत्रहरु सुरक्षित साथ राख्नु ।

ग) अध्यक्षको निर्देशनमा सभा वा वैठकको सुचना दिनु ।

घ) आवश्यक पत्राचार गर्नु ।

ङ) प्रतिवेदनहरु वैठक वा सभामा पेश गर्नु ।

च) संस्थाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई विधान बमोजिम निर्देशित गर्नु ।

घ) सह सचिव :- क) सचिवको अनुपस्थितिमा विधानले तोकेबमोजिम सचिवको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

ख) संस्थाको हित सँग सम्वन्धित कार्यहरुमा सचिवलाई सहयोग पु-याउने ।

ङ) कोषाध्यक्ष :- क) कोषको हर हिसाव दुरुस्त राख्नु ।

ख) आर्थिक प्रतिवेदन, वार्षिक वजेट वा अन्य आर्थिक कारोवार सम्वन्धित कागजात साधारण सभामा पेश गर्नु ।

ग) भौचर वील भर्पाई कार्य समितिबाट पारित गराइ दुरुस्त गरी फाइलिंग गरी राख्नु ।

घ) अध्यक्षको निर्देशनमा विधान वमोजिम भुक्तानी दिनु लिनु ।

ङ) आगामी कार्यक्रमको अनुमानित वजेट बनाई पेश गर्नु ।

च) सदस्य :- क) कार्यसमितिको वैठकमा भागलिने र निर्णय गर्ने ।

ख) साधारण सभामा भाग लिने ।

ग) कार्यसमितिको निर्णयहरु प्रति उत्तरदायि रहने ।

१४. **गणपुरक संख्या :-**

कुल सदस्य ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी सदस्यहरु उपस्थित नभइ साधारण सभाको काम कारवाही हुने छैन ।

तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए वमोजिम पुन वोलाएको साधारण सभाका कुल संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

१५. **संस्थाको कोष :-**

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन् ।

(क) सदस्यता शूल्क वापत प्राप्त रकम,

(ख) कसैले स्वेच्छाले दिएको अनुदान रकम

(ग) विदेशी संघसंस्थाबाट अनुदान रकम लिने भए संस्थाले अर्थ मन्त्रालयको स्वीकृति लिइनेछ ।

(घ) यस संस्थाले पु-याएको सेवा वा अन्य कार्यक्रमबाट प्राप्त रकम ।

(ङ) नेपाल सरकार समाज कल्याण परिषद लगायत स्वदेशी संघसंस्था तथा व्यक्ति र अनय निकायबाट प्राप्त हुने अनुदान तथा सहयोग ।

(च) अन्तराष्ट्रिय संघसंस्था, निकाय वा व्यक्तिबाट प्राप्त हुने अनुदान सहयोग ।

(छ) संस्थाको चल अचल सर्म्पतिबाट प्राप्त रकम ।

१६. **खाता संचालन :-**

संस्थाको अध्यक्ष र कोषाध्यक्षको सयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ ।

१७. **संस्थाको लेखा र लेखा परीक्षण :-**

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानुन वमोजिम मान्यता लेखापरीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै वखत पनि संस्थाको हिसाव किताव जांच्न वा जंचाउन सक्नेछ ।

४. लेखा परिक्षणको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारणसभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५ लेखापरिक्षणको प्रतिवेदन एक प्रति स्थानीय अधिकारी र एक प्रति समाज कल्याण परिषदमा पेश गर्नु पर्ने छ ।

## परिच्छेद - ६
## निर्वाचन

१८. **निर्वाचन सम्वन्धी व्यवस्था :-**

क) निर्वाचन मतदाताको आधारमा गराइनेछ ।

ख) धारा ६ वमोजिम सदस्यता प्राप्त व्यक्तिहरु मतदाता हुनेछन् । तर सदस्यले संस्थाको निर्वाचनमा उम्मेदवारी दिन पाउने छैन र मतदान गर्न पाउने छन् ।

ग) निर्वाचनसम्वन्धी अन्य व्यवस्था कार्यसमितिकले तोकेको निर्वाचन समितिले तय गरे वमोजिम हुनेछ ।

१९. **उम्मेदवार हो योग्यता :-**

क) यस संस्थाको धारा ६ बमोजिम को सदस्य रहने व्यक्ति ।

ख) सदस्यता नवीकरण गराएको व्यक्ति ।

ग) संस्थाको विधान विपरित कार्य नगरेको वा कार्वाहीमा नपरेको व्यक्ति ।

२०. **अविश्वासको प्रस्ताव :-**

यस संस्थाको साधारण सभाको कुल सदस्य संख्याको कम्तीमा १/३ (एक तिहाई) सदस्यहरुले मुनासिव कारण देखाई लिखित हस्ताक्षर गरी कुनै पदाधिकारी उपर अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् । यसरी अविश्वासको प्रस्ताव पेश हुन आएमा अध्यक्षले १५ दिन भित्र साधारण सभाको बैठक बोलाई उक्त अविश्वासको प्रस्ताव साधारण सभामा पेश गर्नु पर्ने छ । साधारण सभाको कुल सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्यहरुको वहुमत बाट उक्त प्रस्ताव पारित भएमा सम्वन्धित पदाधिकारी आफ्नो पदबाट स्वत: हटेको मानिने छ ।

संस्थाको अध्यक्ष उपर अविश्वासको प्रस्ताव पेश भएको अवस्थामा साधारण सभाको अध्यक्षता उपाध्यक्षले गर्ने छ । तर अविश्वासको प्रस्ताव पेश भएको पदाधिकारीलाई आफ्नो सफाई पेश गर्न पाउने अवसरवाट वञ्चित गर्न सकिने छैन ।

२१. **विधान संशोधन :-**

कुल सस्थाको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र सस्थाको कुनै दफा संशोधन वा खारेजका लागी स्थानीय अधिकारीसमक्ष सिफारिस गरी पठाउनु पर्ने छ ।

स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज मानिनेछ ।

२२. **विनियम बनाउन सक्ने :-**

संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनुपर्ने छ ।

२३. **तदर्थ समिति :-**

यो संस्था स्थापना गरी दर्ता गराउनको लागी गठित तर्दथ समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नको लागी समितिको गठन गर्नु पर्नेछ सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिनेछ ।

२४. **संस्था खारेजी :-**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीका प्रस्ताव गर्दा साधारण सभाले खारेजको कामको लागि लिक्विडेटरहरु र संस्थाको हिसावकिताब जाँच गर्नका लागी एक वा एकभन्दा वढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछ । लिक्विडेटर र लेखपरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्ति लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्वन्धी काम कारवाही गर्ने छन् ।

२५. **सल्लहकार सभाको गठन :**

समाजसेवामा विशिष्ट योगदान पुर्याएको व्यक्ति मध्येवाट ४ सदस्य सल्लाहकार समिति रहने छन र यसको गठन सधारण सभावाट मनोनित २ जना र कार्य समितिको बैठकवाट २ जना हुने छन यसले संस्थाको हक हितमा कार्य समितिलाई आवश्यक सल्लाहकार सुझाव दिइने छन । यसको वैठक कार्य समितिले कार्य समितिको सल्लाह सुझाव आवश्यक परेको बेला बोलाउन सकिने छ ।

२६. **ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख भएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्त ऐन नियम र प्रचलित कानून संग बाझिन गएका कुराहरु स्वत : निष्कृय हुनेछन् ।

२७. हामी म.त.वा.उ.स. जनकपुर -७ का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

**संस्थापकको नाम, पद र ठेगानाः**

| नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| (१) विभा कु. पाण्डे | अध्यक्ष | जि.म. गा.वि.स. पुल्हट्टा - ७ | |
| (२) उर्मीला दास ततमीनीया | उपाध्यक्ष | ज.न.पा. ७ | |
| (३) रविन्द्र ठाकुर | सचिव | जि.म. गा.वि.स. रतौली-३ | |
| (४) नागेश्वर मिश्र | स. सचिव | जि.म. गा.वि.स. , मनरा | नागेश्वर मिश्र |
| (५) उपेन्द्र मिश्रा | कोषा अध्यक्ष | जि.म. गा.वि.स. प्रकौली पुल्हट्टा - ७ | |
| (६) कुन्ती पाठक | सदस्य | जि.म. गा.वि.स. बजराही | कुन्ती पाठक |
| (७) रुना राउत | सदस्य | जि.मो. गा.वि.स. महोत्तरी | रुना |
| (८) ममता रानी दास | सदस्य | जि.ध. ज.न.पा.-७ | ममता |
| (९) रिता देवी गुप्ता | सदस्य | ज.न.पा.-४ | रिता देवी |

**साक्षीको** -

**नाम थर :-**

**ठेगना :-**